**बैठक संख्याः २४**

राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समितिको २०७७।०१।२२ गते सोमबार दिनको २.०० बजे बसेको बैठकका निर्णयः-

१. समितिको आगामी बैठकमा नेपाल सरकारका माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री तथा परराष्ट्र मन्त्रीलाई आजको कार्यसूचीमा परेका कोरोना भाइरसको रोकथाम, नियन्त्रण तथा निर्मूल गर्नको लागि भैरहेको कार्य, राहत वितरणको व्यवस्थापन, विदेशमा रहेका नेपाली खास गरी नेपाल भारतको सीमामा रहेका नेपाली नागरिकको स्वदेश फिर्ता, संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार सम्बन्धी कार्यमा प्रयोग गरिने औषधि, उपकरण, उपचार सामाग्रीको आपूर्ति, संक्रमित व्यक्तिहरुको आवश्यक व्यवस्थापन, स्वास्थ्य परीक्षणको दायरा बढाउने लगायतका विषयमा छलफलको लागि सभापतिले आवश्यक पहल गरी आमन्त्रण गर्ने ।

२. आजको छलफललाई जारी राख्ने ।

३. समितिको अर्को बैठक सूचना गरी बस्ने गरी आजको बैठक स्थगित गरियो ।